**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २२ गते**
सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार वैशाख २२ गतेसम्म २ हजार ९ सय ५५ जनाको पीसिआर नमूना सङ्कलन गरीएकोमा २ हजार ८ सय ९० जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमित पाँच जनामध्ये चार जना निको भई घर फर्किएका छन् । ६० जनाको पीसिआर नमूना परीक्षण रिपोर्ट आएन बाँकी रहेको छ । यसैगरी १४ हजार २ सय ४४ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी ) नमूना सङ्कलन गरिएकोमा १४ हजार २ सय ३४ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र १० जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका १० जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशमा ३ सय ९२ ओटा क्वारेन्टाइन स्थानमा ९ हजार ५६ बेड सङ्ख्या रहेका छन् । वैशाख २२ गतेसम्म २ सय ७८ महिला र ३ हजार २ सय ९५ जना पुरूष गरी ३ हजार ५ सय ७३ जना क्वारेन्टाइनमा बस्दै आएका छन् । सुदूरपश्चिम प्रदेशमा १ सय ५४ ओटा आइसोलेशन बेड रहेकोमा चार जना बिरामीहरू आइसोलेशनमा रहेका छन् । १ सय १९ जना बिरामी आइसोलेसनबाट डिस्चार्ज भएका छन् ।
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २२ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** स्वामीकार्तिक खापर गाउँपालिकाले जिल्ला बाहिर अलपत्र अवस्थामा रहेका स्थानीयलाई लागत सङ्कलन गरेर राहात वितरण गर्न सुरू गरेको छ । स्वामीकार्तिक खापर गाउँपालिकाले जिल्ला बाहिर अलपत्र अवस्थामा परेका मजदुर, श्रमिक, बिरामी, विद्यार्थी लगायतलाई आर्थिक रकम सहयोग गरेको गाउँपालिकाका अध्यक्ष चीरन्जीबी शाहीले बताउनु भयो । अध्ययन तथा कामको सिलसिलामा देशका विभिन्न ठाउँमा गएका र आर्थिक अभावका कारण समस्यामा परेकालाई १ लाख ४० हजार ५ सय रूपियाँ नगद पठाइएको गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत्त कुबेर शाहीले बताउनु भयो । धनगढीमा समस्यामा परेका ४३ जना, नेपालगञ्जमा नौ जना र काठमाडौँमा १२ जना गरी जम्मा ६४ जना स्थानीयका लागि सो रकम पठाएको प्रशासकीय अधिकृति शाहीको भनाइ छ । धनगढीका लागि सम्पर्क व्यक्ति देवेन्द्र शाहीको नाममा ९६ हजार, नेपालगञ्जका लागि सम्कर्प व्यक्ति गौरव शाहीको नाममा १८ हजार, काठमाडौँका लागि सम्पर्क व्यक्ति जेलर शाहीको नाममा २४ हजार र मान रोकायालाई २ हजार ५ सय नगद पठाएको शाहीले बताउनु भयो । उनिहरूको नागरिकता, परिचय पत्र र भरेको फर्मको आधारमा आर्थिक रकम पाउने भएका छन् । औषधिउपचार र कामको सिलसिलामा विभिन्न शहरमा गएका र लकडाउनका कारण घर फर्किन नपाएर समस्यामा परेका स्थानीयको लगत सङ्कलन गरी प्रति विद्यार्थीलाई २ हजार, श्रमिक वर्गलाई २ हजार ५ सय र बिरामीलाई ३ हजार रूपियाँका दरले गाउँपालिकाको आन्तरीक स्रोतबाट राहात स्वरूप आर्थिक रकम उपलब्ध गराउने गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरेको थियो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** सदरमुकाम चैनपुरमा शाखा रहेको एभरेष्ट बैङ्क लिमिटेडका कर्मचारीहरूको पहलमा चैनपुरमा रहेका विपन्न बादी परिवारहरूलाई खाद्यान्न

वितरण गरिएको छ । एभरेष्ट बैङ्कका कर्मचारीहरूले २५ हजार बराबरको खाद्यान्न सामग्री खरिद गरी ११ बादी परिवारलाइ राहतस्वरूप वितरण गरेको हो । बैङ्कका कर्मचारीहरूले वडा अध्यक्ष दलबहादुर विष्टको रोहवरमा बादी समुदायलाई प्रतिपरिवार ३० किलो चामल, दुई पोका तेल, एक केजी नुन, दुई केजी दाल,दुई पिस नुहाउने साबुन उपलब्ध गराएको हो । एभरेष्ट बैङ्काका विरलाल मास्केले लकडाउनको समयमा मजदुरी गरेर खाने अतिविपन्न परिवारलाई खाद्यान्न अभाव भएको महशुस गरी वडा अध्यक्ष दलबहादुर विष्टसँग समन्वय गरेर कर्मचारीहरू मिलेर मानविय धर्मले उहाँहरूलाइ सहयोग गरिएको बताउनु भयो । यसैगरी तल्कोट गाँउपालिका र सुर्मा गाँउपालिकामा रहेका बैङ्कको शाखाले पनि गाँउपालिकामा रहेका अतिविपन्न २५ परिवारलाई राहात उपलब्ध गराएको मास्केले बताउनु भयो । राहात बुझ्दै राधा बादीले भन्नु भयो-‘सबैको घरमा खान समस्या भएको थियो । राहात पाएपछि आफूहरूको केहि दिनका लागि भए पनि राहात हुने भयो ।’

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** मार्मा गाउँपालिकाले लकडाउनको अवधिमा ५ सय १ घरधुरीलाई राहत वितरण गरेको छ । डेढ महिना बढि लामो लकडाउनको समयमा गाउँपालिकाले अतिगरिब, असङ्गठित श्रमिक, असहाय, र गाउँपालिकाभरीका दलित परिवारलाई तीन चरणमा राहत वितरण गरेको हो । मार्मा गाउँपालिका वडा नम्बर ५ का वडाअध्यक्ष सुरेन्द्र महताका अनुसार गाउँपालिकाले पहिलो चरणमा ४५ घरधुरी, दोस्रो चरणमा २ सय ३५ घरधुरीलाई र दोस्रो चरणमा २ सय ३४ घरधुरी दलित समुदायलाई राहत वितरण गरेको छ । गाउँपालिकाले तीन चरणमा १३ हजार ६ सय ३१ केजी चामल, १ हजार ३ सय ९० केजी दाल, ९ सय २५ केजी नुन, ९ सय २५ लिटर तेल, एक क्वीन्टल चिनी र २ हजार ३० पिस नुहाउने साबुन वितरण गरेको वडा अध्यक्ष महताले बताउनु भयो ।
सरकारले हेलिकप्टरमार्फत ६ ओटा स्थानीय तहमा स्वस्थ्यकर्मीको टोली पठाएर हालसम्म ४ सय ६२ जनाको मात्रै थ्रोट स्वाब सङ्कलन गरी परीक्षण गरेको छ । भारतबाट आएर क्वारेन्टाइनमा बसेका र नबसेका गरी ४ सय ६० जनाको हेलिकप्टरमाफर्पत स्वाबको नमूना लगेर परीक्षण गरिएको हो । शैल्यशिखर नगरपालिकाको गोकुलेश्वर अस्पतालमा शङ्कास्पद रूपमा भर्ना भएका दुई जनाको पीसीआर प्रविधिबाट परीक्षण गरिएको जनस्वास्थ्य अधिकृत जयराज भट्टले बताउनु भयो । पीसीआर विधिबाट शङ्कास्पद बिरामीलाई मात्रै परीक्षण गर्नुपर्ने कार्यविधि भएको कारण बढि व्यक्तिलाई समावेश गर्न नसकिएको जनस्वास्थ्य अधिकृत भट्टको भनाइ छ । त्योबाहेक अहिले पनि स्थानीय तहमा द्रुत विधि (आरडीटी) मार्फत कोरोना परीक्षण भइरहेको स्वास्थ्य कार्यालय, दार्चुलाले जनाएको छ । आरडीटीमार्फत जिल्लाभरी झण्डै ९ सय जनाको कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय, दार्चुलासँग अहिले ५० जनाको परीक्षण गर्न मिल्ने गरी पीसीआर उपलब्ध रहेको भट्टले बताउनु भयो । शङ्कास्पद भएर बेड भर्ना गरियो भने पीसीआर विधिबाट परीक्षण गर्छौं, उहाँले भन्नुभयो । अहिले जिल्ला अस्पताल,दार्चुलाले कोरोना शङ्कास्पद बिरामीको नमूना सङ्कलनको लागि नमूना सङ्कलन बुथ निर्माण समेत गरेको छ ।
मालिकार्जुन गाउँपालिकाले दीर्घरोगीले नियमित सेवन गर्नु पर्ने औषधि निःशुल्क रूपमा उपलब्ध गराउन सुरू गरेको छ । लकडाउनका कारण दीर्घरोगीहरूले औषधि लिन सदरमुकाम वा नेपालका अन्य जिल्ला जानु पर्ने बाध्यता हटाउन गाउँपालिकाले निशुल्क औषधी वितरण सुरू गरेको हो । गाउँपालिकाले आठ ओटै वडाका स्वास्थ्य चौकीमार्फत दीर्घरोगीलाई औषधि वितरण गर्न सुरू गरेको र वैशाख २२ गते वडा नम्बर ३ मालिकार्जुन स्वास्थ्य चौकीमा ४४ जनालाई निःशुल्क रूपमा औषधि वितरण गरिएको गाउँपालिका अध्यक्ष नरेन्द्रसिह धामीले जानकारी दिनुभयो । कोरोना भाइरसको

सम्भावित सङ्क्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थालाई मध्यनजर गर्दै सुगर, प्रेसर, मुटु, मानसिक समस्या र बाथ लगायतका रोगको औषधि किन्न बाहिर जानुपर्ने बाध्यताको अन्त्य गर्न दीर्घरोगीहरूका लागि लकडाउन अवधिभर निःशुल्क औषधी व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष धामीको भनाइ छ । उहाँले भन्नु भयो-'दीर्घरोगीहरूको विवरण स्वास्थ्य चौकीमार्फत सङ्कलन गरी नेपाल सरकारले निःशुल्क भनिएका बाहेकका औषधिहरू उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।'
कोरोना सङ्क्रमण जोखिम नियन्त्रण र औषधि सेवन गर्न नपाएकै कारण दीर्घरोगीहरूको स्वास्थ्य स्थिती नबिग्रीयोस् भन्ने उद्देश्यले गाउँपालिकाले निशुल्क औषधी व्यवस्था गरेको मालिकार्जुन गाउँपालिका स्वास्थ्य संयोजक गुणराज ओझाले बताउनु भयो ।
यसैगरी गाउँपालिकाले वैशाख २३ गते वडा नम्बर १ को मेलखेत, वडा नम्बर २ को सेलीचामा, वडा नम्बर ६ को जोलजिबी र वडा नम्बर ७ को उकु स्वास्थ्य चौकीमा औषधि वितरण गर्ने जनाएको छ । यसैगरी वैशाख २४ गते वडा नम्बर ४, ५ र ८ को स्वास्थ्य चौकी पस्तीमा औषधि वितरण गर्ने गाउँपालिकाले जनाएको छ ।
वैशाख २२ गते तीन जनाको  र्‍यापिड ड टेस्ट गरिएको छ जिल्लाको नौगाड गाउँपालिका वडा नम्बर ३ मा तीन जना पुरूषको र्‍यापिड  टेस्ट गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय, दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनुभयो । गत चैत ५ गते यता भारत तथा तेस्रो मुलुकबाट फर्किएका तथा होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरूमा कोरोना परीक्षणका लागि आरडिटी भइरहेको कार्कीको भनाइ छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** लकडाउनका क्रममा खाद्य अभाव झेलिरहेका मंगलसेन नगरपालिका वडा नम्बर ६, ७, ९, १० र ११ का गरिब, विपन्न, असहाय वर्गका परिवारलाई राहत स्वरूप खाद्यान्न सामग्री वितरण गरिएको छ । पाँच ओटै वडाका २ सय ५६ व्यक्तिलाई खाद्यान्न सामग्री वितरण गरिएको मंगलसेन नगरपालिकाका सूचना अधिकारी खकेन्द्रबहादुर सोडारीले जानकारी दिनुभयो । नगरपालिकाको वडा नम्बर ६ का १ सय जना व्यक्तिलाई १७ क्विन्टल ९५ किलो चामल, दाल, नुन, तेल र साबुन वितरण गरिएको वडा अध्यक्ष जनकराज भण्डारीले बताउनु भयो । सोही नगरपालिका वडा नम्बर ७ जनालीवण्डालीमा ४२ घर परिवारलाई साढे १० क्विन्टल चामल, ८५ किलो दाल, ३९ लिटर तेल, ४९ किलो नुन र ४९ पिस साबुन वितरण गरिएको छ । यसैगरी  वडा नम्बर ९ वलिगाउमा २९ व्यक्तिलाई ७ क्विन्टल १० किलो चामल, ५५ किलो दाल, साढे २३ लिटर तेल, ३७ किलो नुन र ३७ पिस साबुन वितरण गरिएको छ ।
यसैगरी सोही नगरपालिका वडा नम्बर १० जुपुमा २३ जनालाई पाँच क्विन्टल चामल,  ४५ किलो दाल , १८ लिटर तेल र २७ पिस साबुन र वडा नम्बर ११ मा २३ जनालाई ५ क्वीन्टर ४० किलो चामल, ३९ किलो दाल, १७ लिटर तेल, २८ किलो नुन र २८ पिस साबुन वितरण गरिएको वडा सचिव दिलबहादुर बोहराले जानकारी दिनुभयो ।
यसैगरी मंगलसेन नगरपालिका वडा नम्बर ३ ले वडाका ६२ घर परिवारलाई राहत वितरण गरिएको छ । मेल्लेख गाउँपालिकाका-४ कुस्कोटमा ३५ जना र वडा नम्बर ७ का ३० जना विपन्न घरपरिवारलाई चामल, दाल, नुन, तेल वितरण गरिएको वडा अध्यक्ष वीरबहादुर साउँदले जानकारी दिनुभयो ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार वैशाख २२ गतेसम्म २ हजार ९ सय ५५ जनाको पीसिआर नमूना सङ्कलन गरीएकोमा २ हजार ८ सय ९० जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र

पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमित पाँच जनामध्ये चार जना निको भई घर फर्किएका छन् । ६० जनाको पीसिआर नमूना परीक्षण रिपोर्ट आएन बाँकी रहेको छ । यसैगरी १४ हजार २ सय ४४ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी ) नमूना सङ्कलन गरिएकोमा १४ हजार २ सय ३४ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र १० जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका १० जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशमा ३ सय ९२ ओटा क्वारेन्टाइन स्थानमा ९ हजार ५६ बेड सङ्ख्या रहेका छन् । वैशाख २२ गतेसम्म २ सय ७८ महिला र ३ हजार २ सय ९५ जना पुरूष गरी ३ हजार ५ सय ७३ जना क्वारेन्टाइनमा बस्दै आएका छन् । सुदूरपश्चिम प्रदेशमा १ सय ५४ ओटा आइसोलेशन बेड रहेकोमा चार जना बिरामीहरू आइसोलेशनमा रहेका छन् । १ सय १९ जना बिरामी आइसोलेसनबाट डिस्चार्ज भएका छन् ।

३१ दिनदेखि सेती प्रादेशिक अस्पतालमा उपचाररत कोरोना सङ्क्रमित महिलासँग सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदीले टेलिफोन मार्फत कुराकानी गरी उनको स्वास्थ्य अवस्था र उपचारको बारेमा जानकारी लिनु भएको छ । धनगढी उपमहानगरपालिका - ५ की ३४ वर्षीय महिलाको ६ पटकसम्म कोरोना रिपोर्ट पोजेटिभ आएको छ । उहाँ चैत २२ गते कोरोना पुष्टि भएपछि अस्पताल भर्ना हुँनु भएको हो ।

सेती प्रादेशिक अस्पताल ,धनगढीबाट वैशाख २२ गते बझाङ जिल्ला केदारस्यू गाउँपालिका -२ की ३३ वर्षीया सुत्केरी जानकी रावलको उद्दार गरिएको छ । बझाङमा ११ दिन अघि वैशाख ११ गते छोरीको जन्मदिएकी उहाँलाई पेट सुन्निएपछि डडेल्धुरा अस्पतालमा वैशाख १४ गते ल्याइएको थियो । डडेल्धुरा अस्पतालले पनि वैशाख १९ गते सेती प्रादेशिक अस्पताल, धनगढी रेफर गरेकोमा सेती प्रादेशिक अस्पतालमा पनि उपचार सम्भव नभएपछि थप उपचारका लागि सिम्रिक एयरको हेलिक्याप्टरमार्फत टिचिङ अस्पताल, काठमाडौं लगिएको हो । सुदूरपचिम सरकारको एयर लिफ्ट कार्यक्रममार्फत उहाँको उद्दार गरिएको सामाजिक विकासमन्त्रीका स्वकिय सचिव लोकेन्द्र धामीले जानकारी दिनुभयो । सत्केरी महिला रावल की ११ दिनकी छोरीलाई भने सेती प्रादेशिक अस्पताल, धनगढीमा नै राखिएको मन्त्रालयले जनाएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**